उद्योग विभागको

प्रेश विज्ञप्ती

विभिन्न संचार माध्यमबाट एनसेल प्रा.लि.को लाभांश फिर्ता सम्बन्धमा प्रकाशित समाचार प्रति यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ५ को २ (ख) बमोजिम विदेशी लगानी वापतको लाभ वा लाभांशको रुपमा प्राप्त रकम विदेशी मुद्रामा नेपाल वाहिर लैजान पाउने व्यवस्था भए बमोजिम विदेशी लगानीकर्ताले विदेशी मुद्रा सटही सूविधाको सिफारिशका लागि नेपाल राष्ट्र वैंकलाई सिफारिश गरिदिन माग गरेमा यस विभागले नेपाल राष्ट्र वैंकलाई सिफारिश गर्ने गरेको छ।

समाचारमा उल्लेख भएको कम्पनी एनसेल प्रा.लि.ले मिति २०७१।०८।२५ मा नै आ.व. ०६८।६९ को मुनाफाबाट प्राप्त लाभ मध्ये विदेशी लगानीको अनुपातको रकम विदेशी लगानीकर्तालाई भुक्तानी गर्न नेपाल राष्ट्र बैंकलाई सिफारिश गरिदिनको लागि निवेदन गरेको भएपनि उक्त कम्पनीले यस विभागबाट स्वीकृती लिएको पूँजी र क्षमता एवं वासलातमा देखिएको पूँजी वीचमा भिन्नता देखिएकोले पूँजी र क्षमता वृद्धि गरी अद्यावधिक गर्न उक्त कम्पनीलाई पटक पटक पत्राचार भएको अवस्था छ। सो पश्चात उक्त प्रा.लि.ले पूँजी बृद्धिको प्रस्ताव पेश गरी सो सम्बन्धमा स्वीकृती भइनसकेको अवस्था छ।

उक्त कम्पनीको लाभांश फिर्ता सम्बन्धमा नेपाल दुरसन्चार प्राधिकरणको मिति २०७३।०३।१६ को पत्रबाट राय माग भएको सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ तथा विभागीय अभ्यास अनुरुप लाभांश फिर्ता लैजानको लागि पूरा गर्नुपर्ने प्रक्रिया उल्लेख गरी सो प्रक्रिया पूरा गरेमा मात्र सहमती दिन सकिने भनी यस विभागबाट मिति २०७३।०३।२१ मा राय प्रतिक्रिया उपलव्ध गराइएको हो। उक्त पत्रमा लाभांश फिर्तामा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ स्वतः आकर्षित हुने स्पष्ट उल्लेख भएको र कम्पनीको अद्यावधिक शेयर लगत, लेखापरीक्षण प्रतिवेदन, लाभांश लैजान माग गरेको आर्थिक वर्षको करचुक्ताको प्रमाण, लाभांश वितरण वारे कम्पनीले गरेको साधारण सभाको निर्णय, विदेशी लगानीकर्ताले आफूले लगानी गर्न कवुल गरे अनुसारको रकम बैंकिङ च्यानल मार्फत नेपाल भित्र्याएको प्रमाण सहितका कागजात संलग्न गरी आवेदन गरेमा पेश गरेका कागजात अनुसार विदेशी लगानीकर्ताले बैंकिङ च्यानल मार्फत विदेशी मुद्रा नेपाल भित्र्याई उद्योगमा लगानी गरेको साथै लाभांश वितरण गर्ने कम्पनीले नेपाल सरकारलाई कुनै कर राजश्व बुझाउन बाँकी बक्यौता नरहेको भनी ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजश्व कार्यालयको करचुक्ता प्रमाणबाट देखिन आएको अवस्थामा लाभांश वापतको रकममा प्रचलित नियमानुसार लाग्ने करकट्टा गरी बाँकी हुन आउने रकम आफ्नो विदेशी लगानीकर्तालाई भुक्तानी गर्ने गरी विदेशी मुद्रा सटही सुविधाको लागि प्रचलित ऐनले तोकिए बमोजिम नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्न सहमती दिन सकिने उल्लेख भएको छ। सो पत्र नेपाल राष्ट्र बैंकलाई लेखिएको पनि होइन र सटही सुविधा सिफारिश गरिएको पनि होइन। कुनैपनि रकम फिर्ताको लागि सटही सुविधा उपलव्ध गराउन यस विभागबाट सिफारिस गर्दा विदेशीले लैजान पाउने रकम र विदेशी लगानीकर्ताको नाम स्पष्टरुपमा उल्लेख गरी नेपाल राष्ट्र बैंकलाई सिधै सिफारिश गर्ने गरिएको छ।

यसै गरी उद्योग विभागले मिति २०७३।०५।१२ को पत्रबाट नेपाल राष्ट्र बैंकलाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको स्वीकृती प्रदान गर्ने निकाय यस उद्योग विभाग भएकोले विदेशी लगानी ऐन, २०४९ को दफा ५ को २ (ख) अनुसार विदेशी लगानी वापतको लाभ वा लाभांशको रुपमा प्राप्त रकम विदेशी मुद्रामा नेपाल बाहिर लैजान सो ऐन आकर्षित हुने हुँदा यस विभागको अनिवार्य रुपमा सहमती वा सिफारिश प्राप्त गरी मात्र सटही सुविधा उपलव्ध गर्ने/गराउने व्यवस्था मिलाउन अनुरोध गरिएको थियो ।

तसर्थ केही समाचारहरुमा भनिएजस्तो यस विभागले एनसेल प्रा.लि.को लाभांश फिर्ता गर्न नेपाल राष्ट्र बैंकलाई कुनै सिफारिस वा सहमति नदिएको स्पष्ट गर्न चाहन्छु ।

२०७३।८।११

दुर्गा प्रसाद भुसाल
प्रवक्ता तथा निर्देशक
उद्योग विभाग